# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ (संख्या १) श्रावण १६ गते २०८२ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## नदीजन्य एवं खानीजन्य पदार्थ उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति :२०८२/०३/२७

**प्रस्तावना**

नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा र माटो) तथा खानीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरणलाई ब्यबस्थित गर्न, पर्यावरणीय जोखिमलाई न्यूनीकरण गर्दै विकास निर्माणको कार्यमा निर्माण सामग्रीको अभाव हुन नदिइ सहज आपूर्ति गर्न, यस्ता सामग्रीको अनियन्त्रित दोहनलाइ निरुत्साहित गरि दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजश्व संकलनलाई व्यबस्थित गर्न वाञ्छनीय भएकोले,

चामुण्डाबिन्द्रासैनी नगरपालिका नगर कार्यपालिकाले संघीय सरकारबाट जारी ढुङ्गा,गिट्टी,बालुवा उत्खनन, बिक्री तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा २० ले दिएको अधिकार प्रयोग गरी यो कार्यबिधि बनाइ जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र क्षेत्र :** (१) यस कार्यविधिको नाम "नदीजन्य एवं खानीजन्य पदार्थ उपयोग तथा व्यपस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अनुगमन समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ख) "उप प्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "घाटगद्धी" भन्नाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर संकलन गर्न नगरपालिकाले तोकेको वा स्वीकृति दिएको सार्वजनिक/सरकारी जग्गा रहेको स्थानलाई सम्झनु पर्छ ।





(ङ) "नगरपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ ।

(च) "नदीजन्य तथा खानीजन्य पदार्थ" भन्नाले नगरपालिकाक्षेत्रको सार्बजनिक वा सरकारी जग्गा वा नदि, खोलामा उपलब्ध भएको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, रोडा, गेग्रान जस्ता पदार्थलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

### परिच्छेद २
### अनुगमन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **अनुगमन तथा व्यवस्थापन समिति :** (१) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन तथा संकलनको कार्यलाई अनुगमन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिम एक अनुगमन तथा व्यवस्थापन समितिको गठन हुनेछ :-

| | |
|---|---|
| (क) नगर उपप्रमुख | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) सम्बन्धित नदी तथा खानीजन्य पदार्थ रहेको स्थानको वडा अध्यक्ष | -सदस्य |
| (घ) पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य |
| (ङ) विपद व्यवस्थापन शाखा प्रमुख | -सदस्य |
| (च) प्रहरी कार्यालय प्रमुख | -सदस्य |
| (छ) वन कार्यालयको प्रतिनिधि | -सदस्य |
| (ज) राजस्व शाखा प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम समितिले नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खनिज पदार्थको उत्खनन तथा संकलन कार्यको वर्षमा २ पटक अनिवार्य अनुगमन गरी देहाय बमोजिका विषयहरुमा आफ्नो राय सुझाव समेत संलग्न प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ :-

(क) खनिज उत्खननको कार्यले सामाजिक, सांस्कृतिक तथा वातावरणमा परेको प्रभाव,

(ख) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन कार्य सञ्चालनमा रहेका क्षेत्रका नागरिकहरुको धारणा,

(ग) संकलन, उत्खनन, प्रशोधन, ओसार पसार तथा बिक्रिका शर्तहरुको पालना, उत्खनन् परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण जस्ता विषयहरु,

(घ) समितिले सम्बन्धित स्थलमा देखेका अन्य विषयहरु ।

(३) समितिले अनुगमनको क्रममा नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् स्थलमा वातावरणीय अध्ययन प्रतिवेदन वा प्राविधिक प्रतिवेदनमा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिमाण उत्खनन् भइ सकेको पाइएमा ठेक्का अवधि बाँकी रहे पनि उत्खननको कार्य स्थगित गर्न लगाइ स्थगित गर्नुपर्नाको कारण खोली प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(४) नदीजन्य पदार्थ उत्खनन् तथा संकलन सम्बन्धी कार्य गर्दा सम्बन्धित स्थलमा उत्पादनशिल भुमीमा हुने सिचाइका कुलो तथा जग्गाहरुमा भविश्यमा हानी नोक्सानी हुने विषय सम्बन्धित क्षेत्रका नागरिकले उठाएमा उत्खनन तथा संकलनको कार्य स्थगित गर्नुपर्नेछ ।

(५) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्य प्रचलित कानुन बमोजिम भए नभएको वा कुनै समस्या सृजना भएको अवस्थाका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न यस कार्यविधि बमोजिम गठन भएको प्राविधिक समितिलाई निश्चित समय दिई तोक्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कार्य गर्न प्राविधिक समितिले आवश्यकता अनुसार सम्बन्धित विज्ञको सहयोग लिन सक्नेछ ।

४. **प्राविधिक समिति गठन सम्बन्धी व्यवस्था :** (१) नदी जन्य पदार्थ एवं खानीजन्य पदार्थ उत्खनन् तथा संकलनका सम्बन्धमा खानी दर्ता तथा सञ्चालन गर्नु पूर्व खानी सञ्चालन सम्बन्धी कार्य गर्न उपयुक्त भए नभएको विषयमा राय सुझाव दिन नगरपालिकामा देहाय बमोजिम एक प्राविधिक समिति गठन हुनेछ :-

| | |
|---|---|
| (क) नगरपालिकाको पूर्वाधार विकास शाखा प्रमुख | -संयोजक |
| (ख) वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | -सदस्य |
| (ग) नगरपालिकाको अमिन | -सदस्य |
| (घ) वन कार्यालयको प्रतिनिधि | -सदस्य |
| (ङ) सडक कार्यालयको प्रतिनिधि | -सदस्य |
| (च) स्थानीय प्रहरी प्रमुख | -सदस्य |
| (छ) पूर्वाधार शाखाको सव-इन्जिनीयर | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकतानुसार संघ तथा प्रदेश सरकारका स्थानीय कार्यालयका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम समितिले स्थलगत अध्ययन गरी आर्थिक, सामाजिक, भौगोलिक, प्राविधिक तथा अन्य उपयुक्त ठह्याएको विषय वस्तु समेतको आधार खोली कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम गठित समितिको संयोजकको पद कुनै कारणले रिक्त हुन गएको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले संयोजक भइ काम गर्नेछ।

## परिच्छेद ३
## उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

५. **उत्खनन् वा सङ्कलनको लागि क्षेत्र निर्धाण :** (१)नगरपालिकाले नदीजन्य एवं खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहाय बमोजिम गर्नेछ :-

(क) नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी, बालुवा र माटोजन्य पदार्थ थुप्रिन गइ सो को कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुन सक्ने अवस्था सिर्जना भइ प्राविधिक टोलीको सिफारिसका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्धारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका क्षेत्रहरु,

(ग) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी,, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानुन बमोजिम अनुमति प्रदान गरिएको क्षेत्र,

(घ) प्रचलित कानुन बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र,

(ङ) वस्ती, मठमन्दिर, विद्यालय सार्वजनिक बाटो, पुल तथा अन्य ऐतिहासिक स्थलहरुबाट न्यूनतम १०० देखि ५०० मिटरको क्षेत्र।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले कुनै क्षेत्रमा प्रचलित मापदण्ड, कानुन यस कार्यविधि बमोजिम नदीजन्य एवं खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरणको व्यवस्था मिलाउनेछ।

६. **अनुमति लिनु पर्ने :** (१) नदीजन्य एवं खानीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले प्रचलित संघ तथा प्रदेश कानुन बमोजिमको प्रक्रिया पूरा गरी अनुसूची-१





बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थाको दरखास्त नगर कार्यपालिकाबाट स्वीकृत भएको खण्डमा नगरपालिकाले त्यस्तो व्यक्ति वा संस्थालाई अनुसूची-२ बमोजिमको ढाँचामा अनुमति-पत्र दिनु पर्नेछ।

७. **मापदण्डको पालना गर्नुपर्ने :** (१) नदीजन्य एवं खानी जन्य पदार्थमा आधारित उद्योगले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा अन्य प्रचलित संघ तथा प्रदेश कानुन बमोजिम तोकिएका मापदण्डहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएका मापदण्डहरु तथा उद्योग सञ्चालनका लागि तोकिएका अन्य सर्तहरुको पालना नगर्ने उद्योगलाई अनुगमन तथा व्यवस्थापन समितिले समितिको निर्णय बमोजिम मापदण्ड तथा सर्तहरु पूर्णरुपमा पालना नगरे सम्म उद्योग सञ्चालनमा रोक लगाउन सक्नेछ।

८. **विवरण पेश गर्नु पर्ने :** (१) प्रचलित कानुन बमोजिम नदीजन्य एवं खानीजन्य पदार्थमा आधारित खानी, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संङ्कलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाइ प्रत्येक वर्षको भाद्र महिनाभित्र नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) प्रचलित कानुनमा तोकिएका मापदण्ड बमोजिम स्थापना तथा सञ्चालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परीमाण सार्वजनिक गरी सोको जानकारी नगरपालिकालाई दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले बन्द गर्न सक्नेछ।

(४) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम दुरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराइ स्थानान्तरण गर्न लगाउनेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्नछ।

(५) उपदफा (१) बमोजिम क्रसर उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ती गर्दा लाग्ने बिक्री मूल्य वा शुल्क नगरपालिकालाई बुझाएपछि मात्र त्यस्तो कच्चा पदार्थ आपूर्ती गर्न पाइनेछ।

९. **व्यवसाय कर लगाउन सक्ने :** नगरपालिका क्षेत्र भित्र सञ्चालित क्रसर उद्योगहरुलाई नगरपालिकाले नगरसभाले निर्धारण गरे बमोजिमकमो दरमा उत्पादित परिमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ।

१०. **राष्ट्रिय गौरवका आयोजनाको लागि विशेष व्यवस्था :** (१) नगरपालिकाले प्रचलित कानुनको अधिनमा रही ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुको लागि नदीजन्य पदर्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने नदीजन्य पदार्थको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी नियमानुसारको शुल्क वा दस्तुर लिइ आयोजना सञ्चालन गर्ने कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामाग्री संकलनको विशेष व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परीमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा नगरपालिकाले

शुल्क वा दस्तुर लिई त्यस्तो नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम प्राप्त गरेको नदीजन्य पदार्थ आयोजनाको लागि मात्र प्रयोग गर्ने व्यवस्था सम्बन्धित आयोजना प्रमुखले मिलाउनु पर्नेछ र अन्यत्र प्रयोग भएको पाइएमा नगरपालिकाले त्यस्तो आयोजना प्रमुखलाई सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि लेखि पठाउनु पर्नेछ ।

११. **शुल्क वा दस्तुर नलाग्ने व्यवस्था :** नगरपालिका आफैले सञ्चालन गर्ने आयोजनाका लागि आवश्यक पर्ने साधारण निर्माणमुखी नदीजन्य पदार्थको हकमा नगर सभाको स्वीकृतिमा बिक्री मूल्य वा शुल्क वा दस्तुर नलाग्ने व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ३
## उत्खनन्, सङ्कलन र घाटगद्धी सम्बन्धी व्यवस्था

१२. **कार्ययोजना बनाउनु पर्ने :** (१) नगरपालिकाले प्रत्येक आर्थिक वर्षको जेष्ठ महिना भित्र आगामी आर्थिक वर्षको लागि प्रारम्भिक वातावरणीय परिक्षण (क्ष्भ्भ) प्रतिवेदनमा उल्लेख भएको व्यवस्था बमोजिम देहाय बमोजिमका विषय वस्तु समावेश गरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्धी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाइ कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ :-

(क) नदीजन्य पदार्थ उत्खनन् संकलन गर्न हुने र नहुने क्षेत्र,

(ख) नदीजनय पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुन सक्ने अनुमानित परिमाण,

(ग) भण्डारण वा घाटगद्धी गर्ने स्थल,

(घ) श्रोतको उपलब्धता र पूर्वाधार निर्माणको लागि चाहिने परिमाण,

(ङ) नदीजन्य पदार्थ सङ्कलनको विधि र प्रयोग हुने मेशिनरी औजार,

(च) बिक्री वितरणको प्रक्रिया,

(छ) प्राप्त हुने अनुमानित आम्दानी

(२) उपदफा (१) बमोजिम स्वीकृत कार्ययोजना प्रचलित संघ तथा प्रदेश कानुन बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था भएकोमा सो समेत गर्नुपर्नेछ ।

१३. **वातावरणीय अध्ययन प्रतिवेदन :** (१) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरण गर्नु पूर्व प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको लागि दैलेख जिल्ला समन्वय समितिबाट स्वीकृत गराइ लागु गर्नुपर्नेछ ।

(२) नदीजन्य पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालन गर्नुपूर्व प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्ने छ र सो प्रतिवेदनको एक प्रति नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) नगरपालिका र नदीजन्य पदार्थमा आधारित उद्योगले नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय वा वातवरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा औल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्यन गर्नु, गराउनु पर्नेछ ।

१४. **उत्खनन् र सङ्कलन :** (१) राष्ट्रिय वन क्षेत्रको हकमा वन कार्ययोजनामा उल्लेख भएको भए सोही बमोजिम र नभएको अवस्थामा डिभिजन वन कार्यालयबाट स्वीकृति लिइ जिल्ला स्थित अनुगमन समिति र समन्वय समितिले स्थलगत निरीक्षण गरी आवश्यकता र औचित्य खुलाइ सिफारिस त्र गरेमा यस कार्यविधिमा उल्लेखित प्रक्रिया अपनाइ संकलन गर्ने क्षेत्र, परिमाण, समय र प्रक्रिया तोकी प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गराइ उत्खनन्, सङ्कलन र बिक्री गर्न सकिनेछ ।

(२) वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजि जग्गाको नदीजन्य पदार्थ उत्खनन्। सङ्कलन र बिक्री वितरण गर्दा सम्बन्धित निकायबाट तोकिएको कार्यविधि र मापदण्ड लागु हुनेछ ।





(३) प्रचलित कानुन र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले निषेधित गरेका क्षेत्रभित्रबाट नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरण गर्न पाइने छैन ।

१५. **निजी जग्गाबाट खनिज पदार्थ उत्खनन् तथा सङ्कलन :** प्रचलित कानुन बमोजिम निजी जग्गामा रहेको ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेट आदी खानीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्न अनुमति प्राप्त व्यक्ति वा निकायले यस कार्यविधि बमोजिम अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

१६. **उत्खनन् विधि :** (१) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्नेछ ।

तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमा भित्र रही गर्नुपर्नेछ साथै विपद् जोखिम संवेदनशिल क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन् गर्दा उत्खनन् कार्यको लागि स्वीकृती प्राप्त फर्म/व्यक्ति (ठेक्का लागेको समयमा ठेकेदार वा ठेक्का नलागेको समयमा अमानतमा कर संकलन गर्न तोकिएको उपभोक्ता) ले देहायका शर्तहरुको पालना गर्नुपर्नेछ :-

(क) नदीजन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण एकिन गर्दा अनुगमन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु र स्थानीय बासिन्दा समेतको रोहवरमा क्ष्भ्भ प्रतिवेदनका आधारमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाङकन गर्नु पर्ने, (ख) उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरी निशाना लागाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछि मात्र सो स्थानबाट उत्खनन कार्यको थालनी गर्ने, र यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजानसक्ने व्यवस्था मिलाउने,

(ग) नगरपालिकाले यस कार्यविधी बमोजिम नदीजन्य पदार्थको उत्खनन/संकलन तथा ओसार पसार गर्न अनुमति दिँदा कुनै एक स्थानलाई मात्र घाटगद्दी निर्धारण गर्ने,

(घ) नदीजन्य पदार्थ उत्खननको कार्य गर्दा विहान ६ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र गर्ने । अन्य समयमा उत्खनन गर्न नपाउने गरी नियमित अनुगमन गर्ने,

(ङ) उत्खनन स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण नगरपालिकाको सहमतिका आधारमा गर्ने,

(च) उत्खनन गरि सके पछि प्रसोधन पश्चात छाडीएको काम नलाग्ने बस्तु जुन स्थलबाट निकालीएको हो सोही स्थलमा लगी छाडनु पर्ने छ । उत्खनन गर्दा तोकिएको गहिराई सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नु पर्ने छ । नदीको पानीको मौजुदा बहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन । तर नापी नक्सा बमोजिम नदीको क्षेत्र परिवर्तन गरी निजी जमिनमा वहाव क्षेत्र कायम गरेको अवस्थामा नगर कार्यपालिकाको निर्णयानुसार नदीलाई आफ्नो खास प्राकृतिक वहाव क्षेत्र कायम गराउन सकिने छ,

(छ) उत्खनन कार्यको स्वीकृति प्राप्त ठेकेदारले IEE का शर्तका अलावा ठेक्का शर्त र नगरपालिकाले बेला वेलामा दिएको निर्देशन पुर्ण रुपमा पालना गर्नुपर्ने छ,

(ज) उत्खनन गर्दा पानीको सतह भन्दा १५ सेन्टीमिटर माथी छाडनु पर्ने छ । उत्खनन सम्बन्धी IEE का सबै सर्त पालना गर्नुपर्ने छ,

(झ) उत्खनन स्थलमा अनुमति प्राप्त तोकिए बमोजिमका ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउने,

(ञ) उत्खनन स्थलमा काम गर्ने कामदारका लागि शौचालयको निर्माण गर्नु पर्नेछ । संकलक तथा प्रसोधन उद्योगले अन्य कुनै प्रकारका वातावरणीय क्षती पुराउने फोहरमैला तथा

अन्य सह उत्पादनको व्यवस्थापन स्वयं गरि वातावरण प्रदुषण हुन नदिने व्यवस्था मिलाउनु पर्ने,

(ट) उत्खननका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरि उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विधी र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं. लागायतका विवरणहरु जानकारी मुलक सूचना बोर्ड तयार गरी अनिवार्य रुपमा राख्ने ।

(३) सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामाग्रीको परीमाणका आधारमा लाग्ने बिक्री मूल्य बापतको रकम नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न सकिनेछ ।

१७. **ठेक्काको व्यवस्था :** (१) नगरपालिकाले नगरसभाबाट स्वीकृत दरमा उत्खनन्, सङ्कलनको लागि अनुमति र बिक्रीको लागि ठेक्काको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम ठेक्का व्यवस्थाका लागि अन्य व्यवस्था प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ ।

१८. **खानीजन्य पदार्थ उत्खनन् :** (१) खानीबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् तथा सङ्कलन गर्ने कार्य प्रचलित कानुन बमोजिम तोकिएको निकायबाट अनुमति लिइ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतीको लागि पेश गर्दा नगरपालिकामा गठित प्राविधिक समितिको सिफारिस बमोजिम नगर कार्यपालिकाबाट निर्णय गरी पेश गर्नु पर्नेछ ।

(३) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइ उपदफा (१) बमोजिम खानी सञ्चालनको अनुमती प्राप्त भएपछि नगरपालिकाले खानी उद्योग दर्ता गर्नेछ ।

(४) खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था प्रचलित संघ तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

१९. **उत्खनन् वा सङ्कलनको परीमाण नियन्त्रण :** (१) नगरपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाण भन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविकिधबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धाण गरी लाइन लेभल समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्खनन् र सङ्कलन गर्ने स्वीकृति दिएको क्षेत्रको नगरपालिकाले नियमित अनुगमन गर्नु पर्नेछ । साथै अनुगमनका वखत वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परीमाण र क्षेत्रको उत्खनन् भइसकेको पाइएमा अनुगमन समितिले थप उत्खनन् र सङ्कलनको कार्य बन्द गर्न निर्देशन दिनुपर्नेछ र सम्बन्धित उत्खनन् र सङ्कलनकर्ताले त्यस्तो आदेशको ठेक्का अवधि बाँकी रहेको भए पनि पालना गरी तुरुन्त बन्द गर्नुपर्नेछ ।

(३) नगरपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उत्खनन् वा सङ्कलनको परीमाण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

२०. **नदीजन्य एवं खानीजन्य पदार्थको ओसार पसार :** (१) उत्खनन् स्थलमा प्रवेश गर्ने ढुवानी साधनको क्षमता वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनुपर्नेछ र नगरपालिकाले त्यस्तो अध्ययन प्रतिवेदनमा उल्लिखित क्षमता भन्दा बढी क्षमता भएका ढुवानी साधनलाई नदी वा खानी प्रवेशमा रोक लगाउनु पर्नेछ ।

(२) ढुवानी गर्ने साधनले उत्खनन वा सङ्कलन स्थलदेखि अन्तिम गन्तव्य सम्म नदीजन्य र खानीजन्य





पदार्थबाट धुलो उड्न नदिने गरी ढुवानी गरिएको सामाग्रीलाई छोप्ने, गति चालिस किलोमिटर प्रतिघण्टा भन्दा बढी नगर्ने, पिच सडकमा पानी चुहिन नदिने र प्रेसर हर्न प्रयोग नगर्ने व्यवस्था ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम भए नभएको सम्बन्धमा अनुगमन तथा व्यवस्थापन समितिले स्थीय प्रहरी मार्फत वा आफै नियमित अनुगमनको प्रवन्ध मिलाउनु पर्नेछ ।

२१. **नदीजन्य पदार्थ र दहत्तर बहत्तर बिक्री तथा राजस्व बाँडफाँड :** नदीजन्य पदार्थ र दहत्तर बहत्तर बिक्री तथा राजस्व बाँडफाँड सम्बन्धी व्यवस्था संघ तथा प्रदेश कानुनमा भए बमोजिम हुनेछ ।

## परिच्छेद ५
## सजाय सम्बन्धी व्यवस्था

२२. **निषेधित कार्य गर्न नहुने :** प्रचलित कानुन वा यस कार्यविधिमा निषेधित गरिएका कार्यहरु कसैले गरे गराएमा प्रचलित कानुन तथा यस कार्यविधि बमोजिम सजाय हुनेछ ।

(२) नगरपालिकाको अनुमति प्राप्त नगरी नदीजन्य एवं खानीजन्य पदार्थ तथा निजी जग्गा रहेको खनिज पदार्थ उत्खनन्, सङ्कलन, चोरी निकासी गरेमा, अनुमति विना नदी तथा खोलामा एक्जाभेटर, टिपर, टेक्टर जस्ता उत्खनन् तथा सङ्कलनमा प्रयोग हुन अन्य मेसिनरी साधनहरु लगि उत्खनन् तथा सङ्कलनका कार्यहरु गरेमा चोरी निकासीमा प्रयोग भएको सामान जफत गरी जनही रुपमा देहाय बमोजिम सजाय तथा जरिवाना हुनेछ :-

(क) एक्जाभेटर, डोजर, व्याक हु लोडरको लागि -एक लाख रुपैया,

(ख) टिपरको लागि -पचास हजार रुपैया,

(ग) ट्रकका लागि -पच्चिस हजार रुपैयाँ,

(घ) ट्र्याक्टर तथा मिनि ट्रकका लागि -बीस हजार रुपैयाँ,

(ङ) चोरी निकासी गर्ने व्यक्तिका लागि -पन्ध्र हजार रुपैयाँ ।

(३) प्रचलित कानुन, मापदण्ड तथा यस कार्यविधि बमोजिम भएका निर्णय तथा निर्देशनहरु पालना नगर्ने उद्योगी व्यवसायीलाई नगरपालिकाले कार्य सञ्चालनमा रोक लगाउन सक्नेछ ।

## परिच्छेद ६
## विविध

२३. **व्यवसायिक रुपमा बिक्री गर्न नहुने :** निजी माछा पोखरी, आवास क्षेत्र निर्माण लगायतका कार्य गर्दा निस्किने ढुङ्गा, गिट्टी, बालुवा, माटो आदी को व्यवसायिक बिक्री गर्न पाइने छैन ।

तर, व्यवसायिक रुपले बिक्री गर्नुपर्ने अवस्थामा वातावरणीय अध्ययन गराइ नगरपालिकामा लाग्ने शुल्क वा दस्तुर बुझाइ अनुमति लिएर मात्र गर्नु पर्नेछ ।

२४. **सूचना पाटी राख्नु पर्ने :** नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले सङ्ककलन वा उत्खनन् गरिने स्थानको लम्वाइ, चौडाइ तथा गहिराइ सहितको चारकिल्ला, उत्खनन् गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर लगायतका विवरण खुल्ने गरी सम्बन्धित उत्खनन् वा सङ्कलन स्थलमा राख्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

२५. **संशोधन तथा बाधा अडकाउ फुकाउ :** (१) नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक हेरफेर, थपघट तथा आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिका कुनै दफा उपदफा कार्यान्वयनमा बाधा अड्काउ आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

२६. **खारेजी र बचाउ :** (१) यो कार्यविधि लागु हुनु पूर्व नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री

वितरण तथा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना सञ्चालन सम्बन्धमा भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(२) यस कार्यविधिमा उल्लेखित दफा उपदफा प्रचलित संघ तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म खारेज भएको मानिनेछ।

अनुसूचीहरु

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिइने दरखास्तको ढाँचा**

मिति :...................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू<br>
चामुण्डाबिन्द्रासैनी नगरपालिका<br>
नगर कार्यपालिकाको कार्यालय,<br>
जम्बुकाँध, दैलेख।

विषय : अनुमति पत्र पाउँ भन्ने वारे।

महोदय,

प्रस्तुत विषयका सम्बन्धमा देहाय बमोजिम उद्योग सञ्चालन गर्न इच्छुक भएकोले हाम्रो/मेरो फर्म कम्पनीलाई अनुमति पत्र प्रदान गरिदिनुहुन आवश्यक कागजात सहित यो दरखास्त पेश गरेको छु/छौं। लेखिएको व्यहोरा ठीक साँचो हो भुट्टा ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला।

१. फर्मको पूरा नाम :-<br>
२. फर्मको स्थायी ठेगाना :-<br>
३. उद्योग स्थापना तथा सञ्चालन हुने स्थान (लोकेशन म्याप समेत) :-<br>
४. उद्धेश्य :-<br>
५. पूँजी :-<br>
६. कारोवार गर्ने वस्तु तथा कामको विवरण :-<br>
७. संलग्न कागजातहरु :- (फर्म दर्ताको प्रमाण पत्र, नविकरण, कर चुक्ता, राष्ट्रिय परिचय पत्र तथा नागरिकताको प्रमाणपत्र, स्वघोषणा, IEE प्रतिवेदन, आर्थिक, व्यवस्थापकीय तथा प्राविधिक प्रतिवेदन, VAT/PAN दर्ता प्रमाण पत्र, सम्बन्धित कार्यालयबाट लिएको अनुमति तथा स्वीकृति, वडा कार्यालयको सिफारिसका अतिरिक्त नगरपालिकाले आवश्यक ठानेका अन्य कागजातहरु)।

दरखास्तवालाको<br>
सही :<br>
नागरिकता/राष्ट्रिय परिचय पत्र नं. :<br>
सम्पर्क नं. :





## अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**नदीजन्य पदार्थमा आधारित उद्योग सथापना र सञ्चालनको अनुमति पत्रको ढाँचा**

**चामुण्डाबिन्द्रासैनी नगरपालिका**

नगरकार्यपालिकाको कार्यालय<br>
जम्बुकाँध, दैलेख।<br>
नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन

**अनुमति-पत्र**

इजाजत पत्र नं. : मिति :

श्री ....................................................... ।

महाशय,

तपाइको फर्म/कम्पनीले .............................. सम्बन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नु भएको दरखास्त उपर कारबाही हुँदा मिति .................. को निर्णय बमोजिम ................. सम्बन्धी कार्य गर्न सक्ने गरी यो अनुमति-पत्र दिइएको छ। नदीजन्य एवं खानीजन्य पदार्थ उपयोग तथा व्यवस्थापन कार्यविधि, २०८२ तथा प्रचलित कानुनको अधिनमा रही सञ्चालन गर्नु गराउनु होला।

१. अनुमति पत्र प्राप्त गर्ने फर्म/कम्पनीको नाम :<br>
२. फर्म/कम्पनी सञ्चालकको नाम :<br>
३. एब्ल/ख्ब्त नं. :<br>
४. ठेगाना :<br>
५. प्रवेश तथा निकासी नाका :<br>
६. फर्म/कम्पनी सञ्चालन हुने स्थान :<br>
७. लोकेशन म्याप :<br>
८. चार किल्ला

:............................<br>
प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्य : यो अनुमति पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाण पत्र लिन दुइ हजार रुपैया दस्तुर लाग्नेछ।

**आज्ञाले**<br>
**भलाराम पंगाली**<br>
**प्रमुख प्रशासकीय अधिकृत**